## पृष्ठ १ बाट क्रमश:

### खरिद...

जगदुल्लाको ठेक्कामा चारवटा कम्पनीले आवेदन दिएकामा दुईवटा कम्पनी सिनो हाइड्रो र नेपाली कम्पनी एएनकेसँग जेभी गरेको जेसीई प्राविधिक मूल्यांकनमा छनोट भएका थिए । सो टेन्डरको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत उजुरी परिसकेका छन् । जेसीई-एएनके जेभीले जगदुल्लाको ठेक्कामा झूठो कागजात बनाएको आरोप लागेको छ । जेसीई-एएनकेले १२ अर्ब १५ करोड रुपैयाँ र सिनो हाइड्रोले १३ अर्ब १४ करोड रुपैयाँ प्रस्ताव गरेको 'लिक' भएको थियो ।

### फर्जी...

ठेक्काको प्राविधिक मूल्यांकनमा पास भएको चिनियाँ कम्पनी ज्याङ्सी कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनलाई ऊर्जामन्त्री दीपक खड्कासहितको मिलेमतोमा ठेक्का दिन लागिएको आरोप लाग्दै आएको छ। सो कम्पनीले हालसम्म जलविद्युत्को काम नै नगरेको र अन्य कम्पनीले अफ्रिकी देशमा गरेको कामलाई पनि उसैले गरेको भनेर ठेक्का दिन लागिएको भन्दै प्राविधिक रूपमा छनोट भएको अर्को चिनियाँ कम्पनी सिनो हाइड्रो कर्पोरेसनले नै सार्वजनिक खरिद अनुगमनको कार्यालयमा उजुरी दिएको थियो।

२४ वैशाखमा खोल्ने भनिए पनि पहिले नै आर्थिक प्रस्ताव बाहिरिएपछि विवाद भएको हो। जगदुल्ला हाइड्रोपावर स्रोतका अनुसार ज्याङ्सी कन्स्ट्रक्सनले १२ अर्ब १५ करोड तथा सिनोले १३ अर्ब १४ करोडको प्रस्ताव गरेको छ। ज्याङ्सीले नक्कली कागजपत्र पेस गरेर प्राविधिक मूल्यांकनमा पास गराइएकाले ठेक्का प्रक्रिया नै रद्द गरेर नयाँ प्रक्रिया सुरु गर्न निर्माण व्यवसायीले माग गर्दै विभिन्न निकायमा उजुरी गरेका छन्।

जगदुल्लाकै ठेक्कामा मन्त्रालयमै रकम लेनदेन गरेको आरोप मन्त्री खड्कामाथि लागेको थियो। त्यतिबेला रद्द गरिएको ठेक्का फेरि विवादमा परेको छ। मन्त्री खड्का र जगदुल्लाका सीईओ सञ्जय सापकोटामाथि छानबिनको माग गरी उजुरी परेको छ।

### प्रि–बजेटमाथि...

बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै कांग्रेसका सांसद ज्ञानेन्द्रबहादुर कार्कीले आगामी आवको बजेटलाई प्रतिफल दिने पूर्वाधारमा केन्द्रित गरिनुपर्ने बताएका छन्। साथै, उनले सीमित स्रोतबाट अधिक प्रतिफल दिने योजनामा बजेट परिचालन गर्नुपर्ने बताए ।

उनले समावेशी, दिगो, प्रतिफल दिने र जनतालाई प्रत्यक्ष अनुभव गराउने बजेट आवश्यक भएको बताए। कृषिमा आत्मनिर्भरता विकास तथा रोजगारी सिर्जनामा बजेट केन्द्रित हुनुपर्नेमा उनले जोड दिएका छन्।

एमालेका सांसद गोकर्णराज विष्टले मुलुकको आर्थिक विकासका समस्या समाधान गर्ने बृहत् उद्देश्यका साथ आगामी आवको बजेट प्रस्तुत हुनुपर्ने बताए । उनले आर्थिक असमानताको अन्त्य गर्दै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्ने लक्ष्य विधेयकमा राखिएकामा त्यसको स्वागत गरेका छन्।

माओवादी केन्द्रका नेता एवं सांसद सदस्य रणेन्द्र बराइलीले पक्राउ पुर्जी जारी भएका लुम्बिनी प्रदेशका सांसद विष्णुप्रसाद पन्थीलाई प्रधानमन्त्री केपी शर्मा ओलीले आफूसँगै कुम जोडेर राखेको भन्दै आपत्ति जनाएका छन् । सोमबार बुद्ध जयन्तीको अवसरमा लुम्बिनीमा आयोजित समारोहमा प्रदेश सांसद पन्थी प्रधानमन्त्री ओलीसँगै बसेका थिए।

सांसद जुलीकुमारी महतो (महासेठ)ले आगामी आवको बजेटमा जनताका विकासका चाहना सम्बोधन हुनुपर्ने बताएकी छन्। उनले रासायनिक मल कारखाना स्थापना, रुग्ण र बन्द कारखाना पुन:सञ्चालन र नयाँ कारखाना स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गर्नुपर्ने बताइन्।

यस्तै, सांसद रञ्जुकुमारी झाले राजविराज औद्योगिक क्षेत्र सञ्चालनको माग गरेकी छन्। करिब ३८ वर्षअघि सप्तरीको राजविराजमा स्थापना भएको औद्योगिक क्षेत्र हालसम्म पनि सञ्चालनमा आउन नसकेकामा उनले गुनासो पोखेकी छन्। उनले आवश्यक साधन र स्रोतको प्रबन्ध गरेर सो औद्योगिक क्षेत्र सञ्चालन गर्न तथा आर्थिक विकासको मार्गमा स्थानीयवासीलाई केन्द्रित गर्न सरकारसँग माग गरिन्।

सांसद अब्दुल खानले झन्डै दुई महिनादेखि विभिन्न माग राख्दै आन्दोलनरत पिछडा वर्गलाई वार्तामा बोलाई समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । उनले चामल नभई धान आयात गर्नुपर्ने, इँटा उद्योगलाई कानुनी दायरामा ल्याउन तथा बिमाको प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

सांसद प्रभु साहले नेपाल सरकारको विभेदको कारण हुलाकी राजमार्गको निर्माण कार्य अलपत्र अवस्थामा रहेको बताएका छन्। सरकारको साम्प्रदायिक सोचका कारण आज हुलाकी राजमार्गको निर्माण कार्य सम्पन्न नभएको समेत उनले बताए। दर्जनौं सडकमा अर्थमन्त्रीले ५०औं अर्बको बजेट सुनिश्चितता गरे पनि त्यसमा अलपत्र रहेको हुलाकी राजमार्ग नपर्नुले दुई तिहाइको शक्तिशाली सरकारले तराईका जनतासँग विभेद गरेको सांसद साहको आरोप छ।

सांसद रामप्रकाश चौधरीले तराईका विभिन्न जिल्लामा ट्रान्सफर्मर चोरी हुँदा किसान मर्कामा परेको बताए। सांसद रञ्जिता श्रेष्ठले कैलालीमा बस्दै आएका थारू र दलित समुदायका कतिपय परिवारसँग एक टुक्रा पनि जमिन नहुनु दु:खद भएको बताइन्। उनले ती समुदायलाई तत्काल लालपुर्जा र भूमि उपलब्ध गराउन सरकारसँग माग गरिन्।

सांसद प्रेम सुवालले बुद्ध दर्शन मानव जातिको हित प्रवर्धन गर्ने सोच र मान्यता भएको उल्लेख गर्दै समाजलाई थप मार्गदर्शन गर्न यसको प्रचारप्रसार आवश्यक भएको बताए । सांसद चित्रबहादुर केसीले बाग्लुङमा निर्माणाधीन पुष्पलाल लोकमार्गमा भइरहेको ढिलाइप्रति आपत्ति प्रकट गर्दै निर्माण व्यवसायीलाई जिम्मेवार बनाउन आग्रह गरे।

सांसद सरस्वती बजिमयले मुलुकभित्र सूचना प्रविधिको क्षेत्रमा लगानी विस्तार भइरहेका बेला नीतिगत अस्थिरताका कारण समस्या पैदा भएकाले तत्काल समस्या समाधान गर्न आग्रह गरिन्। उनले सो क्षेत्रमा कर छुट दिई लगानी विस्तार हुने वातावरण बनाउन माग गरिन्।

सांसद नारायणप्रसाद आचार्यले क्षणिक लाभका लागि तथ्य र अवस्था बिर्सेर केवल भाइरल हुने उद्देश्य राखेर राजनीतिलाई विकृत बनाउन नहुने बताए। उनले देश र जनतालाई आशावादी बनाउने सोचका साथ राजनीतिक गतिविधिलाई अगाडि बढाउनुपर्ने माग राखे।

### गभर्नर...

तत्पश्चात राष्ट्र बैंकका कार्यकारी निर्देशकद्वय प्रकाश श्रेष्ठ र डा. गुणाकर भट्टलाई क्रमश: एमाले र कांग्रेसले बोकेर राजीनामा दिन लगाइएको थियो। यस विषयलाई विवादास्पद बनाउन मुद्दा हाल्न लगाइएको बुझाइ कांग्रेसका एक पक्षको छ । अहिले भट्ट राष्ट्र बैंकमा फर्किने वा के गर्ने भन्ने विषयमा अन्योलको सिकार बनेका छन्।

उता, एमालेका उम्मेदवार रहेका प्रकाश श्रेष्ठ भने राजीनामा स्वीकृत नभएको भन्दै योजना आयोगको सदस्यका रूपमा सार्वजनिक कार्यक्रममा देखिन थालेका छन्।

गभर्नर बनाउने सिफारिस समितिका सदस्य डा. विश्व पौडेलले राजीनामा दिएर गभर्नर बन्ने लाइनमा उभिएपछि उनका विरुद्धमा रिट निवेदन पेस भएपछि गभर्नर नियुक्ति थप मजाक बनेको छ।

गभर्नर बनाउन नमिल्ने मागदाबीसहित विश्व पौडेलविरुद्ध सर्वोच्चमा रिट निवेदन पेस भएको तर रिट दर्ता भइनसकेको देखिएको छ।

अधिवक्ताद्वय प्रतिभा उप्रेती र विशाल थापाले राष्ट्र बैंक ऐनविपरीत राजनीतिक दलको सदस्यलाई गभर्नर बनाउन लागेको भन्दै पौडेलविरुद्ध रिट निवेदन दिएका हुन्। यद्यपि, सर्वोच्च प्रशासनले रिट दर्ता भने गरिसकेको छैन।

यसअघि तिनै अधिवक्ताले भट्टलाई पनि गभर्नर बनाउन लागेको भन्दै सर्वोच्चमै रिट दायर गरेका थिए। मंगलबार दायर रिटमा राजनीतिक दलबाट सिधै नियुक्ति गरिनु नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रतिकूल भएको दाबी गरिएको छ।

प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच गभर्नरमा भट्टको विकल्पमा अर्थशास्त्री डा. पौडेललाई ल्याउने सहमति भएको सार्वजनिकीकरण सरकारी पक्षबाटै भएको थियो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २१ (क) ले राजनीतिक दलको सदस्य गभर्नरमा नियुक्त हुन नसक्ने व्यवस्था गरेको भन्दै ऐनविपरीत गएर डा. पौडेललाई नियुक्त गर्न लागिएकाले नियुक्ति रोक्नुपर्ने रिट निवेदकको माग छ।

पौडेल २०७९ मा भएको संसदीय निर्वाचनमा नेपाली कांग्रेसबाट चितवन-१ को उम्मेदवार बनेका थिए। रिटमा पौडेलको नियुक्ति प्रक्रिया ऐनविपरीत हुने जिकिर छ।

नेपाल राष्ट्र बैंक ऐनले गभर्नरको योग्यतामा कुनै पनि राजनीतिक दलको प्रत्यक्ष संलग्नता नहुनुपर्ने प्रावधान राखेको छ। यही प्रावधानलाई आधार बनाएर रिट दायर भएको हो।

यसैबीच, विश्व पौडेलले २ वर्षदेखि क्रियाशील सदस्यता नवीकरण नगरेको कांग्रेसले दाबी गरेको छ। कांग्रेस चितवनका सभापति राजेश्वर खनालले २०७९ सालपछि पौडेलको सक्रिय सदस्यता नवीकरण नभएको दाबी गरेका हुन्।

२०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा चितवन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएपछि पौडेल कांग्रेसको महासमिति सदस्य भएका थिए। चितवनको रत्ननगरका मतदाता रहेका पौडेलले केयूमा पढाउन थालेपछि महासमिति सदस्य त्यागिसकेको बताए।

काठमाडौं विश्वविद्यालयमा अध्यापनकै लागि दलीय आबद्धता त्याग्नुपर्ने भएपछि उनले कांग्रेसको सदस्यता नवीकरण नगरेको बताइएको छ। नेपाल राष्ट्र बैंकको गभर्नर बन्नका लागि सिफारिस समिति सदस्यबाट आइतबार पौडेलले राजीनामा दिएका थिए।

यसअघि राष्ट्र बैंककै कार्यकारी निर्देशक डा. भट्टलाई गभर्नर बनाउन कांग्रेस सभापति देउवाले निकै जोडबल गरेपछि एमालेको उम्मेदवारका रूपमा रहेका कामु गभर्नर निलम ढुंगानाले राजीनामा स्वीकृत गरेकी थिइनन्।

तर, भट्टले कार्यकारी निर्देशक पदबाट दिएको राजीनामा राष्ट्र बैंककै कायममुकायम गभर्नर ढुंगानाले स्वीकृत नगरेपछि देउवाले पौडेलको नाम अघि सारेका हुन्।

एमालेले ढुंगानालाई नै गभर्नर बनाउन कोसिस गरिरहेको बताइएको छ। उनलाई बनाउन सकिएन भने कामुकै भरमा राष्ट्र बैंकलाई चलाउने दाउ एमालेको रहेको पनि आरोप लागेको छ। त्यही भएर निमित्त मात्र दिए पुग्नेमा कामु दिइएको र राष्ट्र बैंकको अध्यक्षको जिम्मेवारी पनि दिइएको आरोप कांग्रेसको एउटा पक्षको रहेको छ।

महाप्रसाद अधिकारीको कार्यकाल सकिएपछि गत २५ चैतदेखि राष्ट्र बैंक गभर्नरविहीन छ। गभर्नर नियुक्तिलाई गिजोलिन दिनकै लागि पूर्वगभर्नर राख्नुपर्ने प्रावधानविपरीत अधिकारीलाई नै गभर्नर सिफारिस समितिमा राखेको तर्क पनि उनीहरूको छ।

यद्यपि, सत्तामा गृहमन्त्री रमेश लेखकले नेपाल राष्ट्र बैंकमा गभर्नरको नियुक्ति चाँडै हुने अभिव्यक्ति दोहोऱ्याइरहेका छन्।

विराटनगरमा निर्मित मोरङ कारागारको नयाँ भवनको उद्घाटन, आईसीपीमा निर्माण भएको वायरहाउसको हस्तान्तरणका लागि विराटनगर पुगेका गृहमन्त्री लेखकले गभर्नर नियुक्ति प्राविधिक कारणले हुन नसकेको भन्दै अब केही समयमै नियुक्त हुने दाबी गरेका छन्। उनको अभिव्यक्ति सत्ता गठबन्धन टिकाइराख्ने र गृहमन्त्री पद जोगाइराख्ने आशयको रहेको बुझाइ पनि कांग्रेसको एउटा पक्षको छ।

उनले १० महिनामा गठबन्धन सरकार बनेपछि मुलुकले राजनीतिक स्थिरता पाएको पनि दाबी गर्दै अहिले प्रधानन्त्रीले सदनमा विश्वासको मत लिन जानु नपरेको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीको बचाउसमेत गरेका छन्।


**मधेश प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय, सिरहा, लहान**
**प्रकाशित मिति: २०८२।०१।३१ गते**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति २०८१।१२।२८ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दोश्रो पटक सूचना अनुसार सुधारिएको वन पैदावार घाटगद्दी/डिपो निर्माण कार्यको लागि तपसिल अनुसारको शिलबन्दी दरभाउपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृत दरभाउपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मू.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | DFO/SIRAHA/SQB/WORKS/02/2081/82 | सुधारिएको वन पैदावार घाटगद्दी/डिपो निर्माण | Asmit Construction and Suppliers, Mirchaiya-6, Siraha | रु.१७,२६,६१५।५४ |

**डिभिजनल वन अधिकृत**



**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री ललित मान सिंह बस्नेतकी नातिनी, श्री नरेन्द्र मान सिंह बस्नेतकी छोरी, श्री किशोर सम्सेर ज.ब.रा.की पत्नी ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १३ मा बस्ने श्रीमती किशोरी राणाको मिति बि.सं. २०८१/१२/०८ (२०२५-०३-२१ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०२८०१११००००००९९६ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको छोरी श्रदाञ्जली थापाले मिति २०८२/०१/१७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सानिमा बैंक** www.sanimabank.com

थसिखेल, ललितपुर, फोन : ०१-५१९३२३१/५१९३२४१
इमेल : thasikhel@sanimabank.com



**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development & Transport Management**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office, Syangja**

**NOTICE OF INTENT OF ACCEPTANCE**

**Date of Publication: 2082-01-31 (2025-05-14)**

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contracts below, that the following Lowest Evaluated Substantially Responsive Bidder is intended to award the Contract.

| S. N | Name of the Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (Including VAT & PS) (Nrs.) | Remarks |
|---|---|---|---|---|---|
| 1. | Kinare Bhanjyang Disingkot Lamdi Dovan Hudai Darsing Sadak Staronnati, Chapakot 3 | IDOSYANGJA/NCB/W/R/95/081/82 | M/S B and B Construction Pvt. Ltd., Kathmandu | 34,391,832.90 | |
| 2. | Waling BPchowk Hudai Kafaldanda Rogdithati Chapakotsamma Sadak Staronnati, Waling, Chapakot, Syangja | IDOSYANGJA/NCB/W/R/96/081/82 | M/S B.P. Construction Pvt. Ltd., Syangja | 33,416,998.89 | |
| 3. | Malebagar Nwarbhanjyang Arjunchaupari Rapakot Sirubari Darau Motorbato Staronnati, Putalibazar Arjunchaupari Aandhikhola | IDOSYANGJA/NCB/W/R/97/081/82 | M/S Koirala Nirman Sewa, Syangja | 32,479,244.58 | |
| 4. | Fabrication, Supply, Transportation, Construction and Erection of Madi Barkanitar Kaseni Trail Bridge Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/W/TB/CTP/01/081/082 | M/S Y.K Sisne Construction Company and Suppliers Pvt. Ltd., Kathmandu | 3,376,440.00 | |
| 5. | Fabrication, Supply, Transportation, Construction and Erection of Bumdi Lalahi and Balamdi Jodne Trail Bridge Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/W/TB/CTP/02/2081/082 | M/S Kapur Sindhu Adarsha JV, Kathmandu | 3,315,168.01 | |
| 6. | Fabrication, Supply, Transportation, Construction and Erection of Charang dekhi Dhuwadi Khola - Saunadi Trail Bridge, Bhirkot Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/W/TB/CTP/03/2081/082 | M/S Karnali Construction and Suppliers Pvt. Ltd., Syangja | 4,042,575.00 | |
| 7. | Fabrication, Supply, Transportation, Construction and Erection of Narayansthan Majuwa Trail Bridge Putalibazar 1,3 Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/W/TB/CTP/04/2081/082 | M/S Kapur Sindhu Adarsha JV, Kathmandu | 3,216,769.87 | |

**Office Chief**



**श्री शाकम्भरी बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा-८, बानियाँटार, काठमाण्डौं, नेपाल ।
प्रकाशित मिति:- २०८२/०१/३१

**धितो लिलाम सम्बन्धी ३५(पैतिस) दिने सूचना ।**

यस सहकारी संस्था लि.को तपसिलमा उल्लेखित शेयर सदस्य ऋणीले लिनु भएको ऋणको सावाँ, व्याज र अन्य लेना रकम समेत भाखा भित्र संस्थालाई नबुझाई कर्जा चुक्ता नगरी बस्नु भएको हुदाँ, कर्जा चुक्त गर्ने शर्त बन्देज बमोजिम पटक, पटक लिखित, मौखिक र सार्वजनिक सूचना मार्फत जानकारी गराउँदा समेत तल उल्लेखित ऋणहरुले तिर्न कुनै तदरुक्ता देखाउनु नभएको हुदाँ यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको ३५(पैतिस) दिन भित्र संस्थाको कार्यालय समय भित्र उपस्थित भई तिर्न बुझाउन पर्ने ऋणको सावाँ, व्याज र अन्य लेना रकम समेत चुक्ता गरी चुक्ता प्रमाण पत्र लैजानुहुन अनुरोध छ । अन्यथा उल्लेखित मिति भित्र कर्जा चुक्ता गर्नु नभएमा यो सूचना प्रकाशित भएको ३६औं दिनका दिन सार्वजनिक विदा भएमा सोको भोली पल्ट कार्यालय खुलेको दिन संस्थाको कार्यालयमा दिनको १:०० बजे ऋणीले ऋण सुरक्षण बापत लेखि दिएको धितो सम्पती फिल्डमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, ६५ तथा नियमावली २०७६ को नियम १९ र संस्थाको ऋण लगानी तथा असुली कार्यविधि २०७९ बमोजिम तथा प्रचलित कानून बमोजिम संस्थाले लिलाम वढावढ गरी लिलाम बिक्रीद्धार संस्थाको सावाँ, व्याज र अन्य लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धीत ऋणी, ऋणीको हकदार र सर्वसाधारण समक्ष जानकारी गराउदछौं ।

**तपसिल**

| ऋणिको नाम, थर ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|
| १. नाम :-सिजंल बहादुर सुनार<br>ना.प्र.न.:- ५१३०३८।२८, जारीमिति २०७०।०२।१२, पर्वत<br>ठेगाना:- भोकसिङ-२, पर्वत (हाल महाशिला गा.पा-२)<br>बाबुको नाम :-तारा बहादुर कामी<br>बाजेको नाम :-लुर बहादुर कामी |  | सिजंल बहादुर सुनारको नाउमा मनमैजु मालपोत कार्यालयमा दर्ता कायम रहेको काठमाडौं जिल्ला काभ्रेस्थली-१, नक्सा सिट नं. १घ कित्ता नं. २६९ क्षेत्रफल १३०.०२ वर्गमिटर (फिल्डमा जे-जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा सम्पूर्ण) |
| १. नाम :-विष्णु देवी लौडारी<br>ना.प्र.न.:-४३३०२४।७३, जारीमिति २०६३।११।११, तनहुँ<br>ठेगाना :- भानु-१३, तनहुँ<br>बाबुको नाम :-अमृत राज भेटवाल<br>ससुराको नाम :-गोविन्द प्रसाद लौडारी |  | विष्णु देवी लौडारीको नाउमा मनमैजु मालपोत कार्यालयमा दर्ता कायम रहेको काठमाडौं जिल्ला गोलढुङ्गा-७, नक्सा सिट नं. ७ग कित्ता नं. ४९२ क्षेत्रफल १११.२७ वर्गमिटर (फिल्डमा जे-जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा सम्पूर्ण) |
| १. नाम :-रविन्द्र कुमार ढुंगाना<br>ना.प्र.न.:-४६५१, जारीमिति २०४२।०६।२२, कपिलबस्तु<br>ठेगाना :- तौलिहवा-१, कपिलबस्तु (कपिलबस्तु न.पा-१)<br>बाबुको नाम :-परशुराम ढंगाना<br>बाजेको नाम :-बासुदेव ढंगाना |  | रविन्द्र कुमार ढुंगानाको नाउमा मनमैजु मालपोत कार्यालयमा दर्ता कायम रहेको काठमाडौं जिल्ला मनमैजु-१, नक्सा सिट नं. १०२०९४४२२ कित्ता नं. १०७ क्षेत्रफल ७८ वर्गमिटरमा बनेको घर सहित (फिल्डमा जे-जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा सम्पूर्ण) |

**लिलाम बिक्री सम्बन्धी शर्त बन्देजहरु:-**

(१) लिलाम बढावढमा भाग लिने व्यक्ति तथा संस्थाले लिलाम हुने दिन गोप्य शिलबन्दी बोलपत्र फारम रु. ५००।- (फिर्ता नहुने गरी) तिरी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।
(२) लिलाम बढाबढमा भाग लिने व्यक्ति तथा संस्थाले कबुल गरेको रकमको १०% रकम नगद तथा गुडफर पेमेन्ट चेक मार्फत बुझाएमा मात्र लिलाम बढाबढमा भाग लिन पाइनेछ ।
(३) लिलाम बढाबढ हुने दिन लिलाम हुने जग्गाको पंचकृते मुल्य कायम गरी सोही बमोजिम मात्र लिलाम बढाबढमा भाग लिन पाइनेछ । सबैभन्दा बढी मुल्य कायम राखी भाग लिने व्यक्ति तथा संस्थालाई लिलाम सकार गराइनेछ ।
(४) लिलाम सकार गर्ने व्यक्ति तथा संस्थाले लिलाम भएको मितिले ७(सात) दिनभित्र सम्पूर्ण बाँकी रकम संस्थामा दाखिला गर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम संस्थामा दाखिला नगरेमा लिलाम सकार गर्नेको १०% रकम जफत गरी कायम मुल्यमा भाग लिने व्यक्ति तथा संस्थाको नाउँमा लिलाम सकार गराइनेछ ।
(५) लिलाम बढाबढमा भाग लिने फारम लिलाम हुने दिनको ११:००० बजेसम्म मात्र प्राप्त गर्न सकिनेछ ।
(६) लिलाम बढाबढमा कसैले भाग नलिएमा लिलाम हुने सम्पति संस्थाले आफै सकार गर्नको निम्ती प्रक्रियामा जान सक्नेछ ।
(७) प्रकृया नपुऱ्याई लिलाम बढाबढमा भाग लिएमा तथा लिलाम बढाबढमा भाग लिन नपाउने व्यक्तिले भाग लिएमा त्यसरी लिलाम बढाबढमा भाग लिने व्यत्तिको शिलबन्दी रद्ध गरिनेछ । धरौटी जफत गरिनेछ ।
(८) यस शर्त बन्देजमा लेखिएको कुराहरु यसै बमोजिम यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**लिलाम हुने स्थान :-** शाकम्भरी वचत तथा ऋण सहकारी संस्था लि. टोखा-८, बानियाँटार, इन्द्रेणीपुल, काठमाण्डौं ।
**मिति:-** २०८२।०३।०३ गते
**समय:-** दिनको १:०० बजे